# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

प.सं. :- २०८०/८१
च.नं.:-११५८

मितिः- वि.सं.२०८१/०१/०९ गते आईतवार

विषयः- सूचना टाँस गरी जानकारी गराउने सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै,
श्री कृषि, पशुपन्छी तथा मत्स्य सेवा प्राविधिकहरु सबै,
भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग),
लुम्बिनी प्रदेश, नेपाल ।

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सामाजिक तथा आर्थिक विकास शाखा, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल कार्यालयको यस चालु आ.व.२०८०/८१को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत तेस्रो चौमासिक अवधिमा सञ्चालन हुने **खाद्यान्न बालीको लागि उन्नत बीउ वितरण कार्यक्रम ५० प्रतिशत अनुदान**को लागि *दोस्रो पटक प्रकाशित* ***खाद्यान्न बाली (मकै)को उन्नत वीउ माग सम्बन्धी सूचना*** *(७ दिने)* त्यहाँ वडा कार्यालयको सूचनापाटीमा टाँस गरी वडावासी *कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड तथा प्राकृतिक प्रकोप (हावा/हुरी/वतास)ले मकै बालीमा हानिनोक्सानी भएका कृषक* घरधुरीहरुलाई जानकारी गराई सो को जानकारी पठाउनुहुन अनुरोध छ ।

साथै उक्त ***खाद्यान्न बाली (मकै)को उन्नत वीउ माग सम्बन्धी सूचना*** *(७ दिने)* थान १ (एक) यसै पत्रासाथ संलग्न गरी पठाईएको छ ।

..........................
(देबि लाल वि.क.)
प्रमुख प्रशासकीय अधिकृत

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

आर्थिक वर्षः- २०८०/८१
सूचना नं.:- ३९

**खाद्यान्न बाली (मकै)को उन्नत वीउ माग सम्बन्धी सूचना ।**
**(दोस्रो पटक सूचना प्रकाशित मितिः- वि.सं.२०८१/०१/०९ गते)**

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सामाजिक तथा आर्थिक विकास शाखा, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल कार्यालयको यस चालु आ.व.२०८०/८१को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत तेस्रो चौमासिक अवधिमा सञ्चालन हुने *खाद्यान्न बालीको लागि उन्नत बीउ वितरण कार्यक्रम ५० प्रतिशत अनुदान*मा सहभागी भई प्रत्यक्ष लाभ लिन चाहने *भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग)भित्रका कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड तथा प्राकृतिक प्रकोप (हावा/हुरी/वतास)ले मकै बालीमा हानिनोक्सानी भएका कृषक घरधुरीहरु*ले तपसिलमा उल्लेखित आवश्यक कागजातहरु संलग्न गरी *यो सूचना प्रकाशित भएको मितिले ७ दिन (वि.सं.२०८१/०१/१५ गते)भित्र* कार्यालय समयमा भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालय तथा सम्बन्धित वडा कार्यालयहरुमा खाद्यान्न बाली (मकै)को उन्नत वीउ माग गर्नुहुन यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

तपसिलः

खाद्यान्न बाली (मकै)को उन्नत वीउ माग गर्दा पेश गर्नुपर्ने आवश्यक कागजातहरुः

- मकैको उन्नत वीउ माग सम्बन्धमा निवेदन र छाप ।
- व्यक्तिगत कृषकको हकमा नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
- सञ्चालक/प्रोपाईटर/अध्यक्ष/सचिव/कोषाध्यक्ष/व्यवस्थापकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
- सम्बन्धित निकायमा दर्ता तथा नवीकरण प्रमाण-पत्रको प्रतिलिपि ।
- स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- गत आ.व.२०७९/८०को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- गत आ.व.२०७९/८०को अन्तिम लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि ।
- समूह/संस्थाको हकमा मकैको उन्नत वीउ माग सम्बन्धमा निर्णयको प्रतिलिपि ।

..................
(स्वतन्त्र राज चौधरी)
कृषि प्रसार अधिकृत

..................
(देबि लाल वि.क.)
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्कका लागिः
१. कृषि प्रसार अधिकृत- स्वतन्त्र राज चौधरी :- ९८४१८०२७३२, ९८२२८२३८२६
२. प्रा.स.- मोहन कुमार डाँगी :- ९८४७८६१३२९
३. ना.प्रा.स.- विशाल पुन मगर :- ९८६६९०४६५६, ९८१०९४०९९५
४. ना.प्रा.स.- शिखर विश्वकर्मा :- ९८६८६२१८०४

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

नोट/पुनश्चः

- व्यक्तिगत कृषकको हकमा:
- मकैको उन्नत वीउ ५-१५ के.जी.,
- कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरुको हकमा: व्यक्तिगत कृषकको हकमा उल्लेखित मकै उन्नत वीउको अधिकतम् परिमाण (के.जी.) भन्दा बढी माग गर्नुपर्नेछ ।
- ५० प्रतिशत अनुदानमा मकैको उन्नत वीउ माग गर्दा कुल मूल्यको ५० प्रतिशत रकम अग्रिम जम्मा गर्नुपर्नेछ ।
- उल्लेखित मकैको उन्नत वीउ माग सम्बन्धमा निवेदनको फारम/ढाँचा/नमूना भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालय, सम्बन्धित वडा कार्यालयहरु तथा भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग) कार्यालयको वेवसाईट www.bhumemun.gov.npबाट प्राप्त गर्न सकिनेछ ।

स्वतन्त्र राज चौधरी
कृषि प्रसार अधिकृत

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत